पैंयूँ गाउँपालिका

गाउँ कार्यपालिका वैठक

सम्वत् २०८०।१।२७ बैठक क्र.सं. १६

निर्णयहरु:

१. गाउँ कार्यापालिकाका पूर्व निर्णयहरुको कार्यान्वयनको अवस्था समिक्षा गरीयो। कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. पैंयूँ क्षेत्रका विरामी, रोगी तथा अपाँगता भएका ब्यक्तिहरुको रोग निदान/स्वास्थ्य उपचार तथा सुविधाको लागि मिति २०८०।२।१३ गते स्वास्थ्य शिविर सञ्चालन गर्ने साथै पैंयूँ आधारभुत १० सैंया हस्पिटलको सेवा प्रारम्भ समुद्घाटन गर्ने ।

३. शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत पेश हुन आएको स्थानीय पाठ्यक्रम स्वीकृत गर्ने ।साथै शैक्षिक सत्र २०८० देखि सामुदायिक विद्यालयमा अंग्रेजी माध्यम समेतबाट पठनपाठन शुरुवात गर्दा सिर्जना भएको आर्थिक दायित्व मागमा आधारित खर्च शीर्षकबाट ब्यहोर्ने ।

४. ढुँगा, गिट्टी, बालुवा संकलनको अनुमति बेगर निर्माणाधिन प्रशासकीय भवन, गल्छिना घाट पक्की पुल, ६ नं. वडा कार्यालय लगायत अन्य सार्वजनिक सम्पति तथा निजि खेत र बस्ती जोखिममा पर्ने गरी प्रचलित कानून बिपरित लुकिछिपि, उत्खनन्, संकलन गरी डोको, बोरामा समेत ओसार-पोसार गरेको भनी जानकारीमा आएकोले आगामी दिनमा सो कार्यमा संलग्न हुने ब्यक्तिलाई कानून बमोजिम कडा कारवाही गर्ने र गैरकानूनी उत्खनन्/संकलन तथा ओसारपोसारलाई पूर्ण नियन्त्रण गर्ने । साथै नियन्त्रण कार्यमा सहयोग/समन्वय गरिदिन स्थानीय प्रशासन, स्थानीय युवा क्लव, बिकासप्रेमी नागरिक सवैलाई अनुरोध गर्ने ।

५. मागमा आधारित खर्च शीर्षकबाट ब्यहोर्ने गरि प्राविधिक कार्यमुल्याँकन अनुसारको रकम बिनु माध्यमिक विद्यालयलाई भुक्तानी गर्ने ।

६. मागमा आधारित खर्च शीर्षकबाट ब्यहोर्ने गरी पशु सेवा स्वास्थ्य शाखा र कृषि शाखाको लागि क्रमश: २ लाख र ५० हजार बरावरको औषधी खरिद गर्ने ।

७. पैंयूँ गाउँपालिका कृषि तथा पशुपन्छि विकास सम्वन्धि कार्यविधि २०७९ बमोजिम अनुदान ब्यवस्थापन समितिले गरेको निर्णय समर्थन गर्दै पशुपन्छि ब्यवसाय तर्फ छनौट भएका समुह/कृषि सहकारी/फर्महरुलाई अनुदान/प्रोत्साहन स्वारुप रकम उपलब्ध गराउने ।

८. चालु आ.ब.को स्वीकृत नमुना कृर्षि कागती खेती शीर्षकको कार्यक्रम कृषि शाखा मार्फत कार्यान्वयन गर्ने गरी पैंयूँखोला कृषि सहकारी संस्था लि. लाई छनौट गर्ने ।

९. कृषि तथा पशुसेवा शाखा मार्फत पेश हुन आएको वार्षिक स्वीकृत कार्यक्रमको समर्थन गर्ने । साथै पशु सेवा शाखा मार्फत उपलब्ध गराउने प्रोत्साहनको रुपमा अनुदान उपलब्ध गराउने ।

१०. ६ नं. वडाको सुदाय विरथुम्का र बैथोक पुल अधिकारी टोल / राना टोल गोरेटो बाटो योजनामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत समावेश गर्ने ।

पैंयूँ गाउँपालिका कार्यालय

सम्वत् २०८०।१।२७ बैठक क्र.सं. १६

११. आर्थिक वर्षमा सञ्चालित तपसिल बमोजिमका योजनाहरुको सामाजिक परीक्षण (Social Audit) गराउने ।

| सि.नं. | वडा स्तरीय योजना | | पालिका स्तरीय योजना | कैफियत |
|---|---|---|---|---|
| | वडा नं. | योजनाको नाम | १. जोखिम युक्त रुख कटान कार्यक्रम | |
| १ | १ | घैयाखेत कटहरबोट गोरेटो बाटो | २. हुवास/हातेमालो भित्रि बजार वडा नं. ४ | |
| २ | २ | ठुलीवेशी नालि निर्माण | | |
| ३ | ३ | मुख्य सडक नाली निर्माण | ३. चिसापानी देउराली छहरा सडक वडा नं. ५ | |
| ४ | ४ | वडहरे भञ्ज्याँङ्ग घोप्टेखोला सिंढी बाटो | | |
| ५ | ५ | पियाखेत चिसापानी गोरेटोबाटो | | |
| ६ | ६ | वडा स्तरीय सामुदायिक विद्युत | | |
| ७ | ७ | माहुरी पालन कार्यक्रम | | |

१२. तपसिल योजनाको संशोधन तथा रकमान्तर गर्ने ।

| साविक बिनियोजित योजना/घट | | | संशोधित योजना/थप | |
|---|---|---|---|---|
| सिं.नं. | शीर्षक | रकम रु. | शीर्षक | रकम रु. |
| १ | नाच्नेडाँडा लामोद्वाली कृषि वडा नं.६ | ७०,००० | १. जनजागरण बालविकास केन्द्र | ७०,००० |
| २ | डाँडाकाहुँ सामुदायिक भवन वडा नं.६ | ३,१५,००० | १. थपथर सिंही बाटो निर्माण | १००,००० |
| | | | २. भिरकुना दर्वु गोरेटोबाटो निर्माण | १,३५,००० |
| | | | ३. मेलौदी सिंढीबाटो निर्माण | ८०,००० |
| ३. | भैपरी तथा विपद् ब्यवस्थापन वडा नं.५ | २००००० | १. कुला माथि भोटेखर्क कोले आप सिढि निर्माण | १,००,००० |
| | | | २. बानी डाँडा प्रा.बि. कोठा पाटेशन | ४४,००० |
| ४ | मात्रेखोला देखि ज्यामिरे जोड्ने गोरेटो बाटो वडा नं.२ | ६०,००० | १. स्वास्थ्य चौकी जाने मोटर बाटो ढलान थप | ६०,००० |